फोन नं. ६६१०१११
६६१०६३३
info.dcbhaktapur@supremecourt.gov.np

# श्री भक्तपुर जिल्ला अदालत
## भक्तपुर

पत्र संख्या ०७८/०७९
चलानी नं. :

मितिः-२०७८।१०।७

### विषयः सेवा संकुचन गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना।

कोभीड-१९ को वड्दो संक्रमणलाई ध्यान दिदै अदालतवाट प्रवाह हुने सेवाहरुलाई संकुचन गर्नु अति आवश्यक भएको हुदा नेपाल वार इकाई भक्तपुर एवं कर्मचारीहरु समेतको सल्लाह एवं सुझावहरुलाई मध्य नजर गरी मिति २०७८।१०।९ गते देखि लागु हुने गरी देहायका सेवाहरु मात्र प्रदान गरि वाकि कार्यहरु अर्को सूचना प्रकाशन नभए सम्मका लागी संकुचन गर्ने निर्णय भएको हुदा सम्पूर्ण कानून व्यवसायीज्यूहरु एवं सेवाग्राहीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>सेवा प्रवाह गर्ने विषयहरुः-</u>

- वन्दीप्रत्यक्षीकरणका निवेदन।
- महामारी सम्बन्धिका गम्भिर प्रकृतिका निवेदनहरु।

- न्याय सम्पादन र सुनुवाईमा अधिक समय नलाग्ने प्रकृयागत कार्यको रुपमा रहेको मिलापत्र, मुद्दा फिर्ता, डिसमिस र तामेली लगायतका कामकारवाही हुने।
- बन्दावन्दीको समयमा मुद्दा फैसला हुन नसकि अभियोग पत्रमा दावी लिएको सजाय भन्दा वढी कैद अवधी थुनामा वसेको वा वस्न सक्ने अवस्थाका फौजदारी मुद्दामा प्रतिवादीको हकमा प्रमाण वुझी अङ्ग पुगिसकेको भए त्यस्ता प्रकृतिको मुद्दाको सुनुवाई।
- मुद्दामा प्रमाण वुझी अङ्ग पुगिसकेका र सुनुवाईका प्रकृयामा अदालतको आदेशले बाल सुधार गृहमा रहेका बालबालिका मात्र संलग्न रहेका फौजदारी मुद्दा र सो सम्बन्धी निवेदन।
- कसुर कायम भई सजाय पुर्वको प्रतिवेदन प्राप्त भईसकेको वा सहज रुपमा प्राप्त हुने अवस्थाका सजाय निर्धारण गर्न बाँकी रहेका मुद्दाहरुको सुनुवाई।
- अर्ध न्यायिक निकायले गरेको आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ७३ बमोजिम पर्न आएका निवेदनमा सुनुवाई गरिने।
- घरेलु हिंसा (कसुर, सजाय) ऐन, २०६६ को दफा ५ को उपदफा २ बमोजिकका मुद्दाहरु दर्ता गर्ने र सुनुवाई गर्ने।
- सरकारवादी फौजदारी मुद्दामा फरार रहेका प्रतिवादी अदालतवाट जारी भएको म्यादमा तत्काल कोभिड-१९ परिक्षण गरेको पिसिआर (PCR)

- रिपोर्ट सहित बयानका लागी हाजिर भएमा निजको बयान गरी बाँकी कार्य अगाडि वढाउने।
- अदालतमा दर्ता भएको निवेदन मध्ये बन्दीप्रत्यक्षीकरणको निवेदन बिहान ११:०० बजे सम्म दर्ता भएमा सोहि दिन र सो पछि दर्ता भएका निवेदहरुको सुनुवाई भोलिपल्ट (सार्वजनिक विदा वाहेक) गरिनेछ।
- अभियोग पत्र, दर्ता वयान, एवं थुनछेक र म्याद थप, प्रकाउ अनुमति, जरुरी प्रकाउ पुर्जी समर्थन एवं क़ल डिटेल लगायतका कार्यहरु यथावत रुपमा संचालन गर्ने।
- सवै प्रतिवादीहरु थुनामा रहेका मुद्दाहरुको नियमानुसार पुर्ववत रुपमा सुनुवाई गर्ने।
- मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५५ वमोज़िम दर्ता हुन आएका निवेदनहरुको सुनुवाई गर्ने।
- फिराद पत्र दैनिक ५ वटा, अ.वा. एवं दर्ता विवाह दैनिक रुपमा २ / २ वटाका दरले मात्र गर्ने।
- तहसिल शाखा एवं अभिलेख शाखामा दर्ता हुन आएका निवेदनहरु मध्ये अति जरुरी भएमा मात्र प्राथमिकताका आधारमा दर्ता गरि सुनुवाई गर्ने।

## संकुचित गरीएका सेवाहरु

- यसअघि तोकिएको साक्षीको वकपत्र २०७८ माघ २१ गते सम्म वा अर्को सूचना जारी नभएसम्मका लागि स्थगन गर्ने।
- २०७८।१०।९ गते देखि तोकिएका पेशी तारेख एवं साधारण तारेख २०७८ माघ २१ गते सम्म वा अर्को सूचना जारी नभएसम्मका लागि स्थगन गर्ने।
- सेवा प्रभाह हुने विषयहरु वाहेक अरु सवै प्रकारका निवेदनहरुको दर्ता एवं सुनुवाई, अ.वा. को जानकारी लगायतका सम्पूर्ण अदालती काम कारवाही २०७८ माघ २१ गते सम्म वा अर्को सूचना जारी नभएसम्मका लागी स्थगन गर्ने।
- उक्त अवधि भित्रको तोकिएको पशी एवं साधारण तारेख नगुज्रने र सेवा प्रवाह नियमित रुपमा सुचारु भएका मितिले १५ दिन भित्रमा पक्षहरु उपस्थित भएमा तारेख दिने।
- प्रस्तुत निर्णयको जानकारी सम्मानति सर्वोच्च अदालत एवं उच्च अदालत पाटनमा पठाउने।
- यो निर्णयको जानकारी कानून व्यवसायीहरु एवं सम्पूर्ण सेवाग्राहीहरुको जानकारीको निमित्त नेपाल वार इकाई भक्तपुर समेतलाई दिई सार्वजनिक रुपमा सूचना प्रकाशित गर्ने निर्णय गरीयो।